प्रशासन, सार्वजनिक प्रशासन सम्बन्धी पत्रिका
वर्ष ३६, अंक १, पूर्णाङ्क ९८, भाद्र २०६१

"निजामती सेवा दिवस-२०६१" को उपलक्ष्यमा श्री ५ को सरकारका मुख्य सचिव डा. विमलप्रसाद कोइरालाज्यूद्वारा व्यक्त मन्तव्य

१. आज हामी निजामती सेवा दिवस मनाउने क्रममा भेला भएका छौं । हुन त निजामती सेवा दिवस भदौ २२ गते नै हो तर मुलुकभित्र अप्रत्याशित घटना भएका कारणले भदौ २२ को कार्यक्रम सार्नु उपयुक्त ठान्यौं । जेहोस्, निजामती राष्ट्रसेवकहरुका लागि आजको दिन महत्वपूर्ण दिन हो र हामीले वर्षेनी सो दिवस विभिन्न रचनात्मक कार्यक्रमहरुका साथ मनाउँदै जाने निधो गरेका छौं ।

२. द्वन्द्वको चपेटामा परी दिवंगत सबै कर्मचारीहरुप्रति, यसैबेला, समवेदना व्यक्त गर्नु मैले कर्तव्य ठानेको छु र मृतक कर्मचारीका परिवारप्रति धैर्यधारण गर्ने साहस बढोस् भन्ने कामना साथ दिवंगत आत्माको चिरशान्तिको कामना मेरोतर्फबाट र सबै निजामती कर्मचारीहरुको तर्फबाट गर्दछु ।

३. निजामती सेवा यो अवस्थामा आइपुग्नुमा हाम्रा सबै अग्रजहरुको ठूलो योगदान रहेको छ । निजामती सेवामा अहोरात्र संलग्न भई आफ्नो जीवनको महत्वपूर्ण घडी निजामती सेवामै अर्पण गर्ने पूर्व कर्मचारीहरुप्रति मेरोतर्फबाट र सबै निजामती राष्ट्रसेवकहरुको तर्फबाट श्रद्धा व्यक्त गर्न चाहन्छु ।

४. निजामती सेवा कुनै पनि मुलुकको विकास र सरकार अनुभूत गराउने मूल संयन्त्र हो । निजामती सेवाप्रति जनताको ठूलो भरोसा र आशा छ । निजामती सेवा नै सरकार र जनताबीचको सम्बन्ध प्रगाढ बनाउने स्थायी संयन्त्र हो । बलियो निजामती सेवा नै जनताको मन जित्ने माध्यम हुन सक्छ । त्यसैले, निजामती सेवाको विकासमा हामी सबैको ध्यान जानु जरुरी छ ।

५. नब्बेको दशकमा विश्वभरि नै ठूलाठूला परिवर्तनहरु आए । मुख्य परिवर्तन भनेको संस्थागत सुधार थियो, जसका निमित्त सरकारको पुनर्आविष्कार मुख्य विषय बन्यो । सरकार अब नियन्ताको भूमिकामा होइन सहजकर्ता, प्रवर्द्धक र समन्वयकर्ताको भूमिकामा अनुदित हुनुपर्छ भन्ने धारण बनायौं । सरकारको यो नयाँ भूमिकालाई जनता, नागरिक समाज र गैरसरकारी संस्थाहरुले पनि सकारात्मकरुपमा ग्रहण गरेका छन् । निजामती सेवालाई पनि यो नयाँ भूमिकामा समायोजन गर्ने जस्ता किसिमका सुधारहरुको खाँचो थियो; चाहे जति परिमाणमा हुन सकेन । हामी समयक्रममा

चुकेकाले नै सुशासन र सेवा सुविधा विस्तारमा प्रभावकारिता बृद्धि गर्ने विषयहरु अझै छलफलका विषय बनेका छन् ।

६. सरकार निरन्तर सकारात्मक परिवर्तन र सुधारको पक्षमा छ । इन्जिनियरिङ्ग र पुनः इन्जिनियरिङ्गको गतिशीलता देख्दा पनि हामीले के बिर्सनु हुँदैन भने भौतिक शास्त्रका धेरै जसो नियमहरु स्थिर छन् । अहिले निजामती सेवाभित्रका स्थिर भौतिक गुणहरुलाई यथावत राखी यसभित्र इन्जिनियरिङ्ग र पुनः इन्जिनियरिङ्गको गतिशील प्रयोगको प्रवेश हामीलाई चाहिएको छ । सूचना प्रविधिको युगमा निजामती सेवाको ल्याकत र हैसियत बढाउन सकिएन भने प्रविधि क्रान्तिमा समाहित नभएकै कारणले पनि हामी पछि पर्न सक्छौं ।

७. थोरै भए पनि हाम्रो निजामती सेवाभित्र 'संस्कृति' छ र क्षय हुँदै गएको भए पनि 'अनुशासन' छ। तर, अनुशासनको संस्कृतिको विकास भने चाहे जस्तो हुन सकेन । आजको मुख्य चुनौती भनेको अनुशासनको संस्कृति र व्यवसायिकताको मिश्रणबाट नयाँ यौगिक तयार गर्नु हो । यो नयाँ यौगिक सहित सेवाग्राही माझ पुग्यौं भनेमात्र जनताले सरकारको 'प्रभावकारिताको लाभ' पाउन सक्छन् ।

८. निजामती सेवाबाट जनताले अपेक्षा गरेका कुराहरुपट्टि हाम्रो चासो केन्द्रित हुनुपर्छ । सरकारले विनियोजन गरेको श्रोत र साधनहरुमा जनताको हक स्थापना गर्नु निजामती राष्ट्रसेवकहरुको धर्म हो । जनता ईश्वर हुन् । जसरी कुशल व्यापारीले विनयशीलता र व्यवसायप्रतिको प्रतिबद्धताका कारणले ग्राहकको मन जित्छ, हामीले पनि त्यसै गर्न सक्नु पर्छ । जनताप्रतिको सोझो जवाफदेहिताको विकास पनि निजामती सेवाको सुधारको एजेन्डा हुन सक्तछ । विकेन्द्रित प्रणाली, जवाफदेहीताको विकास पनि निजामती सेवाको सुधारको एजेन्डा हुन सक्तछ । विकेन्द्रित प्रणाली, जवाफदेहीमूलक प्रशासन र अख्तियारीको सोझो निक्षेपणले मात्र हाम्रो राष्ट्रिय अभीष्ट पूरा गर्न सम्भव हुन्छ ।

९. निजामती सेवामा केही सुधारहरु भएका पनि छन- हुँदै नभएका भने होइनन् । आजभन्दा ५/७ वर्ष अघिसम्म पनि नागरिक बडापत्र भन्ने थिएन । आज नागरिक बडापत्रका अतिरिक्त सार्वजनिक सुनुवाइको क्रम थालिएको छ । त्यसैगरी भ्रष्टाचारको विरोधात्मक कार्ययोजना कार्यान्वय भएको छ । विभागहरुले कार्यविधि कार्यान्वयन शुरुगरेका छन् । गुनासो व्यवस्थापन थालिएको छ । सरकारी सेवा प्रवाहमा नागरिक अनुगमनको कार्यसमेत प्रयोगको रुपमा थालनी गरिएको छ । यी सुधारहरुको नतिजा दिने बेलासम्म पर्खने धैर्य हामीमा हुनु जरुरी छ । साँच्चै भन्ने हो भने हामी सुधारका नयाँ नीतिहरु निर्माण गर्न भने खप्पीस छौं । तर, सुधारको क्रमिकतामा भने हाम्रो खुबी देखिएन । सुधारका कार्यक्रमहरुलाई अन्तिम निष्कर्षमा नपुगुन्जेल STAY THE COURSE आजको खाँचो हो ।

१०. निजामती कर्मचारीहरुले विगतमा कतिपय संकटका बेला मुलुकलाई सफतापूर्वक पार लगाएका घटनाहरु सम्झनु सान्दर्भिक नै होला । अप्ठेरो बेलामा निजामती सेवाको

पारदर्शिता र जवाफदेहितापनको निरन्तर माग भइराखेको छ । निजामती सेवा अब नागरिक समाजको अभिन्न अङ्ग भइसकेको वर्तमान अवस्थामा हामी समस्त कर्मचारीले नागरिक समाजकै अङ्ग हौं भन्ने भावनाबाट प्रेरित हुनु अत्यावश्यक भइसकेको छ ।

१६. निजामती सेवालाई स्थिर र दक्ष बनाउने चुनौती एकातर्फ छ भने अर्कोतर्फ निजामती राष्ट्रसेवकहरुको मनोबल कमजोर हुन नदिन कामप्रति हौसला जगाई उत्प्रेरणाको सन्देश सम्प्रेषण गर्नु पनि उत्तिकै जरुरी छ । उनीहरुको मनोबल उँचो बनाउने प्रयास हुनुपर्छ । निजामती सेवाको पुनर्अभिमुखीकरण गर्न सावधानीपूर्वक सकारात्मक पहल हुनु सान्दर्भिक मात्र होइन् अनिवार्य भइसकेको छ । र, यो गहन जिम्मेवारी हामी सबैले बहन गर्नु पर्ने टड्कारो आवश्यकता समेत मैले देखेको छु ।

१७. समाजले निजामती कर्मचारीहरुबाट उच्चतम आदर्श र मर्यादा आश गरेका हुन्छ । आदर्श र मर्यादा पालनको लागि कानूनी व्यवस्था भएता पनि यदाकदा आदर्श विपरीत र निजामती कर्मचारीहरुलाई नसुहाउने खालको व्यवहार प्रदर्शन भएको देखिन्छ । यस्ता अमर्यादित र गैरपेशागत आचरणबाट निजामती कर्मचारीमाथि उठी समाजमा आफूलाई 'जनताको सेवक' को रुपमा स्थापित गर्ने अठोट आजको यस दिवसमा गर्न म सम्पूर्ण निजामती कर्मचारीवर्गमा आग्रह गर्दछु ।

१८. निजामती सेवा दिवसको अवसरमा अब हामी एउटा प्रण गरौं, हामीले त्यसबेला मात्र आफूलाई योग्य प्रमाणित गर्छौं जब द्वन्द्वले आक्रान्त दाजुभाइ दिदीबहिनीहरुलाई शान्तिको मलमपट्टी लाउन सक्यौं भने, स्कूल जाने नानीहरुलाई पाठ्यक्रम समयमै पुऱ्याई दिएर असल शिक्षा दिन चुकेनौं भने, खेतीपाती गर्ने किसानहरुको मलबीजको जोहो समयमै गर्दिन सक्यौ भने, पीरमर्का लिएर आएका सर्वसाधारणलाई शिष्टतापूर्वक सेवा दियौं भने र विधिको शासन अनुभूत गराउन सक्यौं भने जनता अर्ती उपदेश होइन; अवसर चाहन्छन् । जनताको तिरोले हामी पालिएका छौं । त्यसैले उनीहरुप्रतिको कर्तव्यलाई धर्म मानी नयाँ प्रतिबद्धताका साथ जुटौं भन्ने मेरो सबै साथीहरुमा अनुरोध छ । यो अभीष्ट प्राप्तिका लागि हामीलाई नागरिक समाज, गैरसरकारी संस्थाहरु र विभिन्न पेशागत समाजको पनि सहयोग चाहिन्छ । हामी असल साझेदार मित्र हौं भन्ने प्रमाणित गरौं ।

१९. अन्त्यमा, निजामती सेवा दिवसको अवसरमा आयोजित यस कार्यक्रममा उपस्थित भई हामीलाई हौसला प्रदान गर्नु भएकोमा सम्माननीय प्रधान मन्त्रीज्यूप्रति हार्दिक आभार व्यक्त गर्दै यस दिवसलाई सफलतापूर्वक राष्ट्रव्यापीरुपमा विभिन्न कार्यक्रम सहित आयोजना गरेकोमा सम्पूर्ण निजामती कर्मचारीलाई हार्दिक धन्यवाद दिन्छु ।